# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

प.सं. :-२०८०/०८१
सु.नं. :-०१

कोशी प्रदेश, नेपाल


अनुसुची-१

उन्नत जातको गाई/भैसी खरिद कार्यक्रमको प्रस्ताव आब्हानको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/०९/०३

चौविसे गाउँपालिका पशु विकाश शाखाको आ.व २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम अनुसार निजि फर्म/ समुह/ इच्छुक कृषकहरुले कार्यपालिकाको मिति २०८०/८/१४ गतेको निर्णय बमोजिम यो सुचना प्रकाश भएको मितिले १५ औ दिन सम्म सम्बन्धित वडा कार्यालायमा प्रस्ताव दर्ता गर्नुहुने आब्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रम | वडा न | कुल अनुदान ७५ प्रतिशत सहकार्य रु | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | १ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | १० | |
| २. | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | २ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | ८ | |
| ३. | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | ६ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | ३ | |
| ४. | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | ८ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | ५ | |
| | जम्मा | २६ | | २६ | |

प्रस्ताव पत्रमाका साथ सम्मिलित हुनुपर्ने कागजातः

१) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
२) चौविसे गाउँपालिका क्षेत्रमा स्थायी बसोवास खुल्ने कागजात ।
३) दर्ता प्रमाण पत्रको प्रतिलिपी (फर्म र सहकारी संस्था दर्ताको हकमा)
४) जग्गा धनीपुर्जाको प्रतिलिपी वा लिजमा लिएको भए करारनामा सम्झौता पत्र ।
५) ब्यवसायिक कार्ययोजना ।
६) अनुसुची-२ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।
७) आवश्यक परेको खण्डमा अन्यकागजातहरु माग गर्न सकिनेछ ।

..................
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत


Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३२/४११०३३, मोबाइल नं. ९८५२०६२४०२, फ्याक्स नं. ०२६-४११०३२

'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'

# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. : २०८०/०८१

सु.न ०३

१ नं. प्रदेश, नेपा

अनुसुची-७

(नियम १८ को उपनियम २ सँग सम्बन्धित)

मोटर सहितको च्यापकटर वितरण ५० प्रतिशत अनुदान कार्यक्रम सम्बन्धित प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/०३

चौविसे गाउँपालिका पशुसेवा शाखाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार मोटर सहितको च्यापकटर वितरण ५० प्रतिशत अनुदान कार्यक्रम कार्यान्वयन लागत साझेदारीमा संचालन गर्न ईच्छुक सहकारी संस्था ब्यावसायिक संघ/संगठन/ब्यवसायिक फर्म/कम्पनी/निजी उद्यमी /ब्यवसायिक,कृषक समुह/समितिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

| क.स | कार्यकम | संख्या | कार्यालयले ब्यहोर्ने रकम ५० प्रतिशत अनुदान | कृषकले ब्यहोर्ने रकम ५० प्रतिशत अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १. | मोटर सहितको च्यापकटर वितरण ५० प्रतिशत अनुदान कार्यक्रम | ११ | प्रति संख्या | प्रति संख्या | |

प्रस्ताव पत्रमा साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. रु १० को हुलाक टिकट टाँस गरेको निवेदन ।

२.आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३.सम्बन्धित प्रस्तावनाको ढाँचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव तथ संक्षिप्त ब्यावसायिक कार्ययोजना समेत

४.कार्यक्रम कार्यान्वयन स्थलका जग्गाका स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।

५.लिजमा लिएको जग्गाका हकमा कम्तिमा ५ बर्षका करारनामा वा सम्झौता पत्र ।

६.प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/ब्यवसाय दर्ता नविकरण गरेका प्रमाणित प्रतिलिपी ।

७.सहकारी संस्था /ब्यावसायिक संस्था/फर्म/कम्पनी/कृषक समुह/समितिका हकमा मुल्य अभिबृद्धी कर वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी र कार्यसमितिका निर्णय

८.कार्यक्रम कार्यान्वयन १ बर्ष अधिका लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाका प्रमाणित प्रतिलिपी

९. प्रस्तावले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गर्न र विगत ३ बर्ष भित्रमा संघिय सरकार प्रदेश सरकार तथा स्थानिय सरकारबाट अनुदान लिए /नलिएको प्रतिबद्धता पत्र ।

१०. प्रस्ताव अनुसारका डिजाइन तथा लागत अनुमान ।

११.वडा कार्यालयको सिफारिस पत्र ।

१२.कार्यक्रमको प्रकृती अनुसारको थप कागजात आवश्यक परेको खण्डमा माग गर्न सकिनेछ ।

(पर्शुराम दाहाल)
प्रमुख प्रशासकीय अधिकृत

# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. : २०८०/०८१

सु.न ०२

१ नं. प्रदेश, नेपा

**अनुसूची – ४०**

**(दफा ४३ को उपदफा १ सँग सम्बन्धित)**

**पशु उत्पादन (गाई/भैसीपालन)बाखा/भेडा पालन प्रर्वद्धन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति: २०८०/०९/०३

यस कार्यालयको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन(गाई/भैसीपालन)बाखा/भेडा पालन/बंगुर प्रर्वद्धन सम्बन्धि युवा लक्षित कार्यक्रम रहेको हुदाँ ईच्छुक १८ देखि ६० वर्ष उमेरमा अर्घवेरोजगार/वेरोजगार युवाहरुवाट दरखास्त आव्हानको लागी यो सुचाना प्रकाशित गरिएको छ। प्रस्तावक युवा वा साझेदारी फार्महरु/समुह/सहकारीले सरकारी निकायवाट विगत ३ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेको फर्महरु छनोट प्रकृयामा समावेश हुनै छैनन्। यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले१५ औ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममाा दरखास्त दिनुपर्नेछ। पुनश्च:आवेदक साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचना द्वारा सुचित गरिन्छ।

तपशिल:

| क.स | कार्यक्रम | संख्या | अनुदान रकम रु | कृषकले ब्यहौने रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | युवा लक्षित बाखा प्रर्वद्धन कार्यक्रम ५० प्रतिशत अनुदान | १ | १,००,०००। | १,००,०००। | |
| | | | | | |

१. आवेदन फारम।
२. सक्षिप्त कार्ययोजना।
३. लागत साझेदारी प्रतिवद्धता पत्र।
४.स्वघोषण पत्र ।
५. नेपाली नागरिकताको फोटोकपी।
६. कार्यक्रम कार्यान्वयन स्थलका जग्गाका स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी।
७. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/ब्यवसाय दर्ता, नविकरण गरेका प्रमाणित प्रतिलिपी।
८लिजमा लिएको जग्गाको हकमा कम्तिमा ५ बर्षको करारनामा वा सम्झैता पत्र।
९. कार्यक्रम कार्यान्वयन १ बर्ष अघिका लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाका प्रमाणित प्रतिलिपी।
१०.प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्न र विगत ३ बर्षभित्रमा संघिय सरकार प्रदेश सरकारबाट अनुदान नलिएको प्रतिबद्धता पत्र।
११. प्रस्ताव अनुसारका डिजाइन तथा लागत अनुसार।
१२. सम्बन्धित बडा कार्यालयको सिफारिस पत्र।
१३.कार्यक्रमको प्रकृति अनुसारको थप कागजात आवश्यक परेको खण्डमा माग गर्न सकिनेछ।

( पर्शुराम दाहाल )
प्रमुख प्रशासकीय अधिकृत

Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२, फयाक्स नं. ०२६-४११०३२
*'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'*